# बैठक नं.९७

आज मिति २०७८ असार २० गते आईतबार दिनको २:०० बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री रमेश महर्जनज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, वडा नं. १० स्थित नगरपालिकाको सभाकक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री रमेश महर्जन | |
| २ | सदस्य, उपप्रमुख | श्री सरस्वती रिजाल (खड्का) | |
| ३ | सचिव | श्री सीता परियार | |
| ४ | सदस्य, अध्यक्ष वडा न. १ | श्री हर्ष महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा न. २ | श्री रमेशमान डंगोल | |
| ६ | सदस्य, अध्यक्ष वडा न. ३ | श्री राजेन्द्र महर्जन | |
| ७ | सदस्य, अध्यक्ष वडा न. ४ | श्री राजेन्द्र बानियाँ | |
| ८ | सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ९ | सदस्य, अध्यक्ष वडा न. ६ | श्री न्हुच्छे बहादुर महर्जन | |
| १० | सदस्य, का.वा अध्यक्ष वडा न. ७ | श्री भुना परियार | |
| ११ | सदस्य, अध्यक्ष वडा न. ८ | श्री विनोद महर्जन | |
| १२ | सदस्य, अध्यक्ष वडा न. ९ | श्री गंगाराम महर्जन | |
| १३ | सदस्य, अध्यक्ष वडा न. १० | श्री अमन महर्जन | |
| १४ | सदस्य | श्री नन्ददेवी महर्जन | |
| १५ | सदस्य | श्री राजु मिजार | |
| १६ | सदस्य | श्री राजेन्द्र तोलाङ्गे | |
| १७ | सदस्य | श्री सरस्वती परियार | |
| १८ | सदस्य | श्री सानु मिजार | |
| १९ | सदस्य | श्री सुनीता नकर्मी | |
| २० | सदस्य | श्री सुमन पोखरेल | |
| २१ | सदस्य | श्री संगिता श्रेष्ठ (उप्रेती) | |
| २२ | आमन्त्रित, लेखा अधिकृत | श्री मित्र प्रसाद घिमिरे | |
| २३ | आमन्त्रित, सचिवालय | श्री संजिता लामा | |

निर्णय नं.१

आगामी आ.व.२०७८/०७९ का लागि तपशिल बमोजिमका विधेयकहरु स्वीकृतका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

- कीर्तिपुर नगरपालिकाको आर्थिक विधेयक, २०७८
- कीर्तिपुर नगरपालिकाको विनियोजन विधेयक, २०७८
- कीर्तिपुर नगर साँस्कृतिक संरक्षित क्षेत्र सम्बन्धमा ब्यबास्था गर्न बनेको बिधेयक, २०७८

निर्णय नं.२

नगरसभाबाट स्वीकृत आगामी आ.व.२०७८/७९ को बजेट तथा कार्यक्रम अन्तरगत विभिन्न शाखा, उपशाखा, समिति लगायतमा विनियोजित बजेट तथा बाँडफाँड हुन बाँकी बजेटको कार्यक्रमगत बाँडफाँड र स्वीकृत गर्न तथा सभाबाट स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयनका क्रममा आईपर्ने समस्या, वाधा, अडकाउ फुकाउन एवं औचित्यताका आधारमा कार्यक्रमहरुको संशोधन गर्न बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक/उपप्रमुखको सिफारिसमा नगरप्रमुखलाई अधिकार प्रत्यायोजन गर्ने गरी निर्णय हुनका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.३

चालु आ.व.२०७७/२०७८ मा नगरकार्यपालिकाबाट, नगरप्रमुखबाट र नगरकार्यपालिका कार्यालयबाट भए गरेका सम्पूर्ण निर्णय तथा कामहरु अनुमोदन लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.४

२०७८ असार मसान्तसम्म भुक्तानी भएका सबै योजना तथा कार्यक्रमहरुको अनुमोदन र फरफारकका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.५

कीर्तिपुर नगरपालिकाको चालु आ.व. २०७७/०७८ सम्मको जिन्सी निरीक्षण गराई सो निरीक्षण प्रतिवेदन अनुरुप मर्मत, लिलाम र मिन्हा गर्नु पर्ने जिन्सी सम्पत्तिहरुको मर्मत, लिलाम र मिन्हा गर्ने कामकारवाही अगाडि बढाउन उपयुक्त निर्णयका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.६

आगामी आ.व. २०७८/०७९ मा नगरपालिकाको कर्मचारीहरुको तलब, भत्ता सुविधा नेपाल सरकारले तोकेको दर र स्केल बमोजिम उपलब्ध गराउने र चालु आ.व. २०७७/०७८ मा भुक्तानी भएको तलब, भत्ता सुविधा सहितको तलबी प्रतिवेदन स्वीकृतिका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.७

महा लेखापरीक्षकको कार्यालयबाट भएको यस नगरपालिकाको आ.व २०७६/०७७ को लेखापरीक्षण प्रतिवेदनमा औंल्याईएका असुल उपर गर्नुपर्ने, नियमित गर्नुपर्ने, प्रमाण कागजात पेश गर्नुपर्ने, पेश्की र अन्य सैदान्तिक बेरुजुहरु उपर दफाबार छलफल गरी आवश्यक निर्णयका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

निर्णय नं.८

तत्कालिन एल.जि.सि.डि.पी. कार्यक्रम अन्तर्गत कार्यरत रही कीर्तिपुर नगरपालिका स्थानीय तह भएसंगै नगरपालिकाबाट स्विकृत बार्षिक कार्यक्रम अन्तरगत रहेर कामकाज गरिरहेका र आफ्नो पदबाट स्वईच्छाले राजिनामा दिई रिक्त रहेको स्थानमा करार नियुक्त भएकाहरु समेत समाबेश हुने गरी बिगतमा नगरपालिकामा सामाजिक परिचालकको रुपमा कार्यरत १९ जना परिचालकहरु हाल जुनसुकै कार्यक्रम अन्तरगत रहेका भएता पनि निजहरुलाई न्युनतम पारिश्रमिक उपलब्ध हुदै आएकोमा आ.व. २०७८/२०७९ देखि लागु हुने गरि "सहायक स्तर चौथो तह" कायम गरी दरबन्दी स्विकृत गरी सोही तहको लागि तोकिएको तलब स्केल र सुविधा समेत उपलब्ध गराउने गरी निर्णय हुनका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.९

नगर प्रमुख, नगर उप-प्रमुख र प्रमुख प्रशासकीय अधिकृतका सवारी चालकहरुलाई आ.व.२०७७/०७८ मा उपलब्ध गराए सरहको दैनिक रु.२०० का दरले खाजा खर्च वापत मासिक ३० दिनको रु.६०००।- (छ हजार मात्र) आगामी आ.व. २०७८/०७९ मा समेत उपलब्ध गराउनका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.१०

साविक TSNGP हाल PLGSP कार्यक्रम अन्तर्गत विगत देखि यस नगरकार्यपालिका कार्यालयमा कार्यरत सुचना प्रविधि अधिकृतलाई आगामी आ.व.२०७८/०७९ का लागि करार सम्झौता गरी निरन्तरता दिनका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

निर्णय नं.११

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको सहयोग तथा समन्वयमा सञ्चालित सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढिकरण आयोजनालाई निरन्तरता दिदै सो कार्यक्रममा कार्यरत एम.आई.एस अपरेटरहरु र फिल्ड सहायकको एक चौमासिकका लागि आवश्यक पर्ने तलब भत्ता बापतको रकम र आ.व २०७८/०७९ को लागि महंगी भत्ता समेत उपलब्ध गराउने गरी निरन्तरता दिनका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

निर्णय नं.१२

स्वास्थ्य स्वयम सेवीकाहरुलाई प्रोत्साहन स्वरुप खाजा तथा परिवहन खर्च मासिक रु.१०००।— (अक्षरुपी एक हजार मात्र) प्रति व्यक्ति उपलब्ध गराउने निर्णयलाई आ.व. २०७८/०७९ मा समेत निरन्तरता दिनका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.१३

यस नगरपालिकामा सम्पूर्ण कानुनी बाधा अड्चन फुकाउनका लागि र नगरपालिकाद्वारा निर्माण गरिने ऐन , कानुन, निर्देशिका एवं कार्यविधिहरु उपर आफ्नो कानुनी राय तथा सल्लाह दिँदै आउनु भएको कानुनी सल्लाहाकारको हाल कामको चाप र बढ्दै गएको जिम्मेवारीका कारण आगामी आ.व.२०७८/०७९ मा सल्लाहाकारलको करार अवधि थप तथा परिश्रमिक/सेवासुविधा सम्बन्धमा उपयुक्त निर्णयार्थ नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.१४

घर घरमा स्थानीय सरकार कार्यक्रम अन्तरगत जन्म उपहार कार्यक्रमलाई प्रति व्यक्ति रु.३०००।—( अक्षरुपी रु.तीन हजार मात्र) र मृत्यु संस्कार कार्यक्रमलाई प्रति व्यक्ति रु.१०,०००।- ( अक्षरुपी रू. दश हजार मात्र ) कायम गरी कार्यक्रमलाई निरन्तरता दिनका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.१५

राष्ट्रपति महिला सशक्तिकरण परियोजना अन्तर्गत संघ, प्रदेश र स्थानीय तहको साझेदारीमा स्थानीय तहमा महिला उधमशीलता सहजीकरण केन्द्र /इकाई सन्चालनका लागि आ.व. २०७७/०७८ मा कार्यक्रम संचालनका लागि बजेट उपलब्ध हुने तर उक्त परियोजना अन्तर्गत कार्यरत महिला उधम विकास सहजकर्ताको तलब र भत्ता बापतको रकम प्राप्त नहुने हुदाँ उपयुक्त निर्णयार्थका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.१६

यस नगर कार्यपालिका कार्यालयको केन्द्र र वडा कार्यालयमा कार्यरत रहेका कर्मचारीहरुले साविक देखि नै मासिक रुपमा १० प्रतिशत प्रोत्साहन सुविधा खाईपाई आइरहकोमा सो सुबिधा नगर कार्यपालिका कार्यालय र वडा कार्यालयमा कार्यरत दरबन्दी संरचना भित्रका कर्मचारीलाई उपलब्ध गराउने तथा कतिपय कर्मचारीको तुलनात्मक रुपमा कार्यबोझ बढी भएकाले निजहरुलाई सम्बन्धित शाखाको सिफारिसमा थप काम गरेको पुष्ट्याई र प्रमाणका आधारमा थप सुबिधा बढीमा मासिक १० प्रतिशत उपलब्ध गराउन आवश्यक निर्णयका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.१७

यस कीर्तिपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा साविकको स्वीकृत दरबन्दी भित्र रही नगरका शहरी स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालय तर्फ सेवा करार अन्तर्गत कार्यरत रहँदै आएका कर्मचारीहरुको विभिन्न मितिमा भएको सेवा करार सम्झौताको अनुमोदन गर्ने र उक्त सेवा करारमा कार्यरत ब्यक्तिहरुलाई अर्को ब्यवस्था नभएसम्मका लागि सेवा करारमा निरन्तरता दिई बढीमा १ वर्षको म्याद थप गर्न सक्ने र निजहरुको कार्य सम्पादनको अवस्था हेरी सेवा करार निरन्तरता दिने वा नदिने सम्बन्धमा निर्णय गर्नका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.१८</u>**

यस कीर्तिपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको संगठन ढाँचा सम्बन्धमा स्थानीय सरकार सन्चालन ऐन, २०७४ को परिच्छेद–११, प्रशासकीय सङ्गठन ढाँचा र कर्मचारी ब्यवस्था सम्बन्धी ब्यवस्था गरिएको र उक्त ऐनको दफा ८३ मा नगरपालिकाको आफ्नो कार्यबोझ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्ठता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भए पश्चात सङ्गठन तथा ब्यवस्थापन सर्भेक्षणका आधारमा सङ्गठन संरचना कायम गर्ने उल्लेख भएकोमा हाल समायोजनको कार्य समेत सकिएकाले चालू आ.व. मा कार्यालयमा कर्मचारीको तलब भत्तामा खर्च भएको रकमको अनुमोदन गर्ने तथा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी गराई कार्यालयको संगठनात्मक संरचना र आवश्यक दरबन्दी संख्या यकिन गरी आवश्यक निर्णयका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.१९</u>**

यस कीर्तिपुर नगरपालिकामा संचालित जग्गा एकिकरण कार्यक्रमलाई सो कार्यक्रमका लागि छनौट भएका कर्मचारीहरु सहित निरन्तरता दिने गरी निर्णय हुन नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.२०</u>**

यस कीर्तिपुर नगरपालिकामा संचालित न्यायिक समिति व्यवस्थापन कार्यक्रमलाई सो कार्यक्रमका लागि छनौट भएका कर्मचारीहरु सहित निरन्तरता दिने गरी निर्णय हुन नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.२१</u>**

नगरपालिकाको नक्सा पास प्रकृयालाई थप सहज, सरल र प्रभावकारी बनाउनका लागि संचालित KMEBPSIP-I कार्यक्रमलाई सो कार्यक्रमका लागि छनौट भएका कर्मचारीहरु सहित निरन्तरता दिने गरी निर्णय हुन नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.२२</u>**

यस कीर्तिपुर नगरपालिकामा राजश्व संकलन कार्यलाई थप प्रभावकारी बनाउनका लागि संचालित राजश्व संकलन तथा व्यवस्थापन कार्यक्रमलाई सो कार्यक्रमका लागि छनौट भएका कर्मचारीहरु सहित निरन्तरता दिने गरी निर्णय हुन नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.२३**

यस कीर्तिपुर नगरपालिकामा संचालित फोहोरमैला व्यवस्थापन कार्यक्रमलाई सो कार्यक्रमका लागि छनौट भएका कर्मचारीहरु सहित निरन्तरता दिने गरी निर्णय हुन नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.२४**

यस कीर्तिपुर नगरपालिकामा संचालित खाल्डाखुल्डी व्यवस्थापन कार्यक्रमलाई सो कार्यक्रमका लागि छनौट भएका कर्मचारीहरु सहित निरन्तरता दिने गरी निर्णय हुन नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.२५**

यस कीर्तिपुर नगरपालिका क्षेत्र भित्रका गम्भीर प्रकृतिका रोग लागेका बिरामी, विपत्तीमा परेका, दुर्घटनामा परेका तर त्यस्तो अवस्थाको सामना गर्न नसक्ने ज्यादै न्यून आर्थिक अवस्था भएका व्यक्तिहरुलाई निवेदन र सम्वन्धित वडाको सिफारिस सहित पेश गरेका कागजात प्रमाणका आधारमा निश्चित रकम उपलब्ध गराउनका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.२६**

चालु आ.व. ०७७/०७८ मा संचालनका लागि सम्झौता भएका र संचालनको प्रकृयामा रही सम्पन्न हुन नसकेका तथा वडा र नगरस्तरबाट बजेट विनियोजनको निर्णय भई विविध कारणले कार्यान्वयन वा सम्पन्न हुन नसकेका सबै योजना तथा कार्यक्रमहरुलाई सोही योजना तथा कार्यक्रमहरुमा विनियोजित रकमबाट ठेक्का, उपभोक्ता समिति तथा विभिन्न संघ / संस्था / समूहसँग संझौता भएको रकम मध्ये भुक्तानी हुन बाँकी रकम सहित अ.ल्या. गरी तपशिलका योजना र कार्यक्रमहरुलाई आगामी आ.व.मा क्रमागत रुपमा निरन्तरता दिने निर्णय गरियो ।

**तपशिलः**

**योजना/कार्यक्रमहरु सम्पन्न नभई भुक्तानी हुन बाँकी रहेका वडास्तरीय योजनाहरुको विवरण**

| क्र.सं. | योजनाको नाम | विनियोजित रकम | सम्झौता रकम | भुक्तानी हुन बाँकी रकम (मू.अ.क., कन्टिन्जेन्सी र वि.व्य.कोष समेत) | कैफियत |
|---|---|---|---|---|---|
| वडा नं. १ | | | | | |
| १ | बाघभैरव मन्दिर परिसरको पर्खाल निर्माण र देवपोखरीस्थित पाटी निर्माण | ९००,००० | ८६८,५०० | ६१३,३९५ | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | थाम्बहालस्थित ढल निकास मर्मत र हिलटाउन स्कूलमुनिको खेलमैदानमा व्यायामस्थल निर्माण तथा सामग्री खरिद | ८००,००० | ७२४,४०० | ५६०,६२० | |
| ३ | आकस्मिक तथा विपद व्यवस्थापन सम्बन्धी योजना (बाघभैरव मन्दिर पछाडिको रिटेनिङ्गवाल निर्माण) | ५००,००० | ४८२,००० | ३४०,५०० | |
| ४ | बाघभैरव मन्दिरको पछाडि कीर्तिपुर खेलमैदान निर्माण | २००,००० | १९९,००० | १९९,००० | |
| ५ | आइबुङ्गास्थित ढोका निर्माण | ८००,००० | ८००,००० | २८०,००० | ०७४/७५ |
| | जम्मा | ३,२००,००० | ३,०७३,९०० | १,९९३,५१५ | |
| **वडा नं. २** | | | | | |
| १ | ऐतिहासिक तथा पर्यटकीयस्थल निर्माण (ईन्द्रायणी पाटी निर्माण) | १,०००,००० | २,४१२,५०० | १,७०४,००० | |
| २ | देवढोका गछैं उत्तरखण्ड बाटोमा वाल तथा ढल निर्माण | ३००,००० | ३००,००० | २०१,००० | |
| ३ | उमामहेश्वर मन्दिर परिसर र क्वाचो क्षेत्रका विभिन्न स्थानमा ढुङ्गा छपाइ | १५०,००० | १५०,००० | १००,५०० | |
| ४ | ग:सी टोल देवालीचौर बाटोमा ढल निर्माण | ११०,१५१ | ११०,१५१ | ११०,१५१ | |
| ५ | देवढोका चौतारामा ढुङ्गा तथा ब्लक छपाइ | २८९,६२८ | २८९,६२८ | १९४,०५१ | |
| ६ | कम्पाउण्डवाल तथा तारवार लगाउने | १००,००० | १३४,३७९ | १०१,३७९ | |
| ७ | देवढोकामा पार्क निर्माण तथा ब्लक छाप्ने | ४००,००० | ५५१,५१९ | ४३३,५१९ | |
| ८ | महिला तथा दलित लक्षित कार्यक्रम | २५०,००० | २५०,००० | ७५,००० | |
| ९ | सीप विकास, हस्तकला प्रवर्द्धन एवं परम्परागत पेशा तालिम तथा उत्थान कार्यक्रम | ३००,००० | ० | ३००,००० | |
| १० | खानेपानी ट्यांकी तथा पाइप लाइन विस्तार | २००,००० | ० | २००,००० | |
| ११ | प्राविधिक परामर्श | ४०,००० | ० | ४०,००० | |
| १२ | विपन्न वर्ग असहाय/अपाङ्ग सहायता कार्यक्रम | १००,००० | ० | १००,००० | |
| १३ | स्वयंसेवी तथा आई.टी. व्यवस्थापन | १००,००० | ० | १००,००० | |
| १४ | युवा तथा खेलकुद कार्यक्रम | २५०,००० | २५०,००० | ७५,००० | |
| | जम्मा | ३,५८९,७७९ | ४,४४८,१७७ | ३,७३४,६०० | |

**वडा नं. ३**

| क्र.सं. | योजनाको नाम | विनियोजित रकम | सम्झौता रकम | भुक्तानी हुन बाँकी रकम (मू.अ.क., कन्टिन्जेन्सी र वि.व्य.कोष समेत) | कैफियत |
|---|---|---|---|---|---|
| १ | समल आँखाछें/मचागा:मा फूटसल निर्माण (वडा गौरवको योजना) | २,३५०,००० | २,२५४,८७६ | १,६०५,९९६ | |
| २ | कुटुसाल समल जाने भित्रीबाटो लगायत अन्य बाटोमा ब्लक छपाइ | ५००,००० | ४६५,७३६ | ४९९,९२९ | |
| ३ | सडकबत्ती व्यवस्थापन | | १०६,६७७ | ८८,६५८ | |
| ४ | आपतकालीन योजना तथा कार्यक्रम | २००,००० | १९४,३०१ | १३५,६६४ | |
| ५ | व्यायामशाला निर्माण सहित समल सामुदायिक पार्क व्यवस्थित गर्ने तथा ढ:पामा ब्लक छपाइ | १,०००,००० | ० | १,०००,००० | |
| ६ | वडास्तरीय शैक्षिक अक्षयकोष स्थापना कार्यक्रम सम्बन्धी अभिमुखीकरण कार्यक्रम | ५०,००० | ० | ५०,००० | |
| ७ | सार्वजनिक सुनुवाइ कार्यक्रम | ५०,००० | ० | ५०,००० | |
| ८ | सुशासन तथा संस्थागत विकास कार्यक्रम | ४५,००० | ० | ४५,००० | |
| ९ | एसइई उत्तीर्ण विद्यार्थीहरूलाई विषयगत ज्ञान सम्बन्धी अभिमुखीकरण कार्यक्रम समेत | ८०,००० | ० | ८०,००० | |
| १० | उपभोक्ता समितिका पदाधिकारीहरूलाई अभिमुखीकरण कार्यक्रम | ५०,००० | ५०,००० | ५०,००० | |
| | जम्मा | ४,३२५,००० | ३,०७१,५९० | ३,६०५,२४६ | |

| | | | | | |
|---|---|---|---|---|---|
| **वडा नं. ४** | | | | | |
| १ | बस्नेतगाउँको ढलानबाटो स्तरोन्नति | ५००,००० | ४५९,०६० | ३५०,००० | |
| २ | सल्यानस्थान खनालटोल ढल/साइड ड्रेन निर्माण | २,५००,००० | २,१८८,००० | १,७७७,५३६ | |
| ३ | टुसालको कुवा मर्मत सम्भार | ५००,००० | ४७०,८०० | ३५९,९३६ | |
| ४ | पुष्पलाल खेलमैदान निर्माण | १,२००,००० | १,१२६,७०० | ८२४,४८४ | |
| ५ | गाम्चा खेलमैदान निर्माण | ५००,००० | ४७५,३७२ | ३५७,००० | |
| ६ | बस्नेतगाउँ सडक स्तरोन्नति | १,०००,००० | ८९६,१९५ | ७३४,९९९ | |
| ७ | कलात्मक पाटी निर्माण | १,०००,००० | ९०८,०४४ | ७२८,००० | |
| ८ | पुष्पलालमा क्रियापुत्री भवन मर्मत तथा संरक्षण | ५००,००० | ४५५,७९७ | ३६३,९९९ | |
| ९ | शिशाकोटे महादेव मन्दिर संरक्षण | ३००,००० | २८३,७३४ | २१५,००० | |
| १० | ऐतिहासिक बाघभैरव मन्दिर संरक्षण | ४००,००० | ३८२,०४१ | २८५,००० | |
| ११ | ढल सरसफाइ तथा झाडी फडानी | १००,००० | १००,००० | १००,००० | |
| १२ | झुलपोखरीमा सार्वजनिक जग्गा तथा भवन संरक्षण | ५००,००० | ४७०,५७३ | ३६०,००० | |
| १३ | टुसाल पाटी मर्मत सम्भार | ३००,००० | २९१,४४८ | २१०,००० | |
| १४ | ज्वालादेवी सार्वजनिक जग्गा तथा भवन संरक्षण | ५००,००० | ४७४,६८७ | ३५७,९९९ | |
| | जम्मा | ९,८००,००० | ८,९८२,४५१ | ७,०२३,९५३ | |
| **वडा नं. ५** | | | | | |
| १ | जनसेवा चिउरामिल हुँदै अधिकारी गाउँसम्मको बाटो स्तरोन्नति | १,०००,००० | ९२४,००० | ६९५,९११ | |
| २ | वडाभरिका बाटो ग्राभेल तथा ढलान | ४५०,००० | ४५०,००० | ४५०,००० | |
| ३ | बालकुमारी मा.वि. (ट्रस निर्माण) | ४००,००० | ३२६,५१७ | ३३५,८७१ | |
| ४ | खाचो सार्वजनिक जग्गा संरक्षण र पार्क निर्माण | २००,००० | १८९,१८८ | १३८,००० | |
| ५ | लक्ष्मी र बिले रोक्काको घर हुँदै वडा अध्यक्षको घरसम्म ब्लक छाप्ने र ग्राभेल गर्ने | ५५०,००० | ५१६,५०० | ३७९,८५२ | |
| | जम्मा | २,६००,००० | २,४०६,२०४ | १,९९९,६३५ | |

**वडा नं. ६**

| क्र.सं. | योजनाको नाम | विनियोजित रकम | सम्झौता रकम | भुक्तानी हुन बाँकी रकम (मू.अ.क., कन्टिन्जेन्सी र वि.व्य.कोष समेत) | कैफियत |
|---|---|---|---|---|---|
| १ | नगरकोटी टोलको बोसनखोला क्रिया गर्ने स्थान संरक्षण | ३००,००० | ३००,००० | २०१,००० | |
| २ | चारघरे भित्री बाटो ढलान | ६००,००० | ५५५,१२१ | ४०७,९०० | |
| ३ | महतगाउँ जाने बाटो स्तरोन्नति | ४००,००० | ३९२,९९१ | २७०,४०० | |
| ४ | बहुउद्देश्यीय हल निर्माण (वडा गौरवको योजना) | २,८००,००० | २,५१५,८०० | १,९२७,९९४ | |
| ५ | टौदह स्कूलबाट पूर्वतर्फको बाटो स्तरोन्नति | ३००,००० | २७९,०७५ | २०७,९०६ | |
| ६ | आदिनाथ ब्रतालु नुहाउने कुवा र कुवा जाने बाटो | ३००,००० | २९१,६८० | २०२,९९६ | |
| ७ | वडा कार्यालय भवन वरिपरि पर्खाल निर्माण | १,०००,००० | ० | १,०००,००० | |
| ८ | आदिनाथ मा.वि. भवन मर्मत सम्भार | ५००,००० | ४८२,५०० | ३४१,००० | |
| ९ | ऐतिहासिक छ्वासः बाटो तथा ढोका निर्माण | ४००,००० | ३८८,४५६ | २७२,००० | |
| १० | बेर्ना तथा उत्पादन - नर्सरी | ५००,००० | ५००,००० | २००,००० | |
| ११ | टौदह पोखरी सिमाकंन गरी सिमा पर्खाल निर्माण सहित बाटो स्तरोन्नति | ३,२५०,००० | ३,०५५,३५८ | २,२४२,००० | आ.व.२०७६/०७७ को अ.ल्या. योजना |
| १२ | वडा उज्यालो कार्यक्रम | २,८००,००० | २,७०२,००० | १,९०९,००० | ” |
| | जम्मा | १३,१५०,००० | ११,४६२,९८१ | ९,१८२,१९६ | |
| **वडा नं. ७** | | | | | |
| १ | पाँगा मा.वि. जाने बाटो स्तरोन्नति (वडा नं. ८ को साझेदारी कार्यक्रममा गर्ने) | २००,००० | २००,००० | २००,००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | देवल क्षेत्रमा पार्क निर्माण (मेशिनरीवाल निर्माण) | ४००,००० | ३९७,८०० | २६६,५२६ | |
| ३ | निर्माणाधीन पुस्तकालय भवन निर्माण (थप) | ३१४,५०० | ३१३,२२० | २०९,८५७ | |
| ४ | चौतारदेखि ईटागोल खलको मंगालसम्म र ख्यचा जाने बाटोमा ढल निकास | ६००,००० | ५३९,००० | ४२१,९६९ | |
| ५ | देवलक्षेत्र खारपानी टोलमा ढल निर्माण तथा ब्लक छपाइ | ४००,००० | ३८१,५०० | २७४,०८४ | |
| | जम्मा | १,९१४,५०० | १,८३१,५२० | १,३७२,४३६ | |
| वडा नं. ८ | | | | | |
| १ | बाटो मठमन्दिर मर्मत सम्भार | १,०००,००० | ९६५,००० | ६८२,००० | |
| २ | गणेशमान पार्क पोखरी स्तरोन्नति | ५००,००० | ४८२,५०० | ३४१,००० | |
| ३ | सडक बत्ती जडान | ५००,००० | ४८२,५०० | ३४०,७७५ | |
| ४ | खानेपानी सुधार (पाइप लाइन विस्तार) | १,५००,००० | १,४४७,५०० | १,०२२,३२५ | |
| ५ | शालिक चौतारामा रेलिङ्ग जडान र बाटो ढलान | २१०,००० | २१०,००० | १४०,७०० | |
| ६ | पाचः केबः बाटो निर्माण | १,०००,००० | ९६५,००० | ६८१,५५० | |
| ७ | ज्येष्ठ नागरिक पाटी निर्माण | २००,००० | २००,००० | १३४,००० | |
| ८ | युवा रोजगार कार्यक्रम | २००,००० | ० | २००,००० | |
| ९ | सी.सी. क्यामरा जडान | ३००,००० | ३००,००० | ९०,००० | |
| १० | महिला उद्यमशील कार्यक्रम | ३००,००० | १२५,५३५ | ३८,५३५ | |
| ११ | कृषि प्रवर्द्धनात्मक कार्यक्रम | २००,००० | २००,००० | ६०,००० | |
| १२ | महिला विकास उद्यमशील तालिम | १००,००० | १००,००० | ३०,००० | |
| १३ | संस्थागत विकास | २४०,००० | ६०,६०० | ६०,६०० | |
| १४ | ज्येष्ठ नागरिक पाटी निर्माण | २५०,००० | २५०,००० | २५०,००० | आ.व.२०७६/०७७ को अ.ल्या. योजना |
| १५ | ढोकासीबाट लाछीसम्म सडक पेटी निर्माण (वडा गौरवको योजना) | १,५००,००० | १,४४७,५०० | १,०२३,००० | आ.व.२०७६/०७७ कोअ.ल्या. योजना |
| | जम्मा | ८,०००,००० | ७,२३६,१३५ | ५,०९४,४८५ | |
| वडा नं. ९ | | | | | |
| १ | कच्ची बाटोहरू ग्राभेल | १,०००,००० | ९६४,६०७ | ६८१,२८७ | |
| २ | सडक बत्ती मर्मत एवं जडान र तार मिलाउने | ६००,००० | ५७८,८०८ | ४०८,८०२ | |
| ३ | खेलकुद संरक्षण तथा प्रवर्द्धन (नगाउँ स्पोर्टस् क्लब र ढोकासी फिटनेस पार्क निर्माण) | १,०००,००० | ८८४,५०३ | ७०७,५३१ | |
| | जम्मा | २,६००,००० | २,४२७,९१८ | १,७९७,६२० | |

वडा नं. १०

| क्र.सं. | योजनाको नाम | विनियोजित रकम | सम्झौता रकम | भुक्तानी हुन बाँकी रकम (मू.अ.क., कन्टिन्जेन्सी र वि.व्य.कोष समेत) | कैफियत |
|---|---|---|---|---|---|
| १ | बाटो/सडक मर्मत | ७०,००० | ७०,००० | ७०,००० | |
| २ | भरियापुखुसी दाफा फल्चा निर्माण | १,२६५,००० | १,२६३,१२४ | ८९०,५०३ | |
| ३ | ध्वाखा फल्चा निर्माण | ३८५,००० | २५०,५२० | १६७,८४९ | |
| ४ | ज्येष्ठ नागरिक सेवा केन्द्र भवन निर्माण | १,२५०,००० | | १,२५०,००० | |
| ५ | नयाँबजार विहारसंगैको बाटोमा ढल बिछ्याउने | ५१,५६० | ५१,५६० | ५१,५६० | |
| ६ | ढल मर्मत तथा चेम्बर निर्माण | १६,१४६ | १६,१४६ | १६,१४६ | |
| ७ | उज्यालो वडा कार्यक्रम | १०५,००० | ० | १०५,००० | |
| ८ | कन्सल्ट्यान्सी हायर | ५०,००० | ० | ५०,००० | |
| ९ | प्रवद्धनात्मक कार्यक्रम | ७६,००० | ० | ७६,००० | |
| १० | बालबालिका लक्षित कार्यक्रम | ८०,००० | ० | ८०,००० | |
| ११ | शिक्षा स्वास्थ्य सम्बन्धी कार्यक्रम | २००,००० | ० | २००,००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | शिवालय मन्दिरको कुवा तथा सार्वजनिक जग्गा संरक्षण | ४४०,००० | ० | ४४०,००० | |
| १३ | हरियाली कार्यक्रम | १५३,००० | ० | १५३,००० | |
| १४ | विपद व्यवस्थापन | ६८,००० | ० | ६८,००० | |
| १५ | युवा तथा खेलकुद | ३५,००० | ० | ३५,००० | |
| १६ | खानेपानी तथा ढल निकास | २९,००० | ० | २९,००० | |
| १७ | छुटफुट | १०१,००० | ० | १०१,००० | |
| | जम्मा | ४,३७४,७०६ | १,६५१,३५० | ३,७८३,०५९ | |
| | कूल जम्मा | ५३,५५३,९८५ | ४६,५९२,२२६ | ३९,५८६,७४४ | |

## नगरस्तरीय योजनाहरु

## गत विगतको अल्या योजनाहरु

| सि.नं. | योजनाको नाम | विनियोजित बजेट (रु) | | भुक्तानी दिन बाँकी रकम (मु.अ.क., कन्टिन्जेन्सी र वि.व्य.कोष बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| | | ल.ई. | न.पा. | | |
| पूर्वाधार विकास क्षेत्र (इ) | | | | | |
| क. | पूर्वाधार विकास क्षेत्र | | | | |
| | सिम्लेखोला संरक्षण | ५४८९६१.१० | ३८४०००.०० | २५८०००.०० | |
| ५ | छूँगाउ - टौदह सडक (क्रमागत) वडा नं. ५ र ६ | ७८८८२४७.३४ | ५४१६६६२.९१ | ५४१६६६२.९१ | |
| ६ | यँचो - भाजंगल सडक सुधार, वडा नं. ५ र ७ | ४२०३३१४.०३ | ३३६२६५१.२२ | २२५३६५१.२२ | |
| ९ | चोभार - भाजंगल सडक विस्तार, वडा नं. ७ | ५५१४३८१.८५ | ३८६००००.०० | २५८७०००.०० | |
| २८ | प्राविधिक शिक्षा/व्यवसायिक तालिम केन्द्र - समल सामुदायिक भवन, वडा नं. ३ | ४०१६०६६.१६ | ३२१२८००.०० | १०७२८००.०० | |
| ४० | नगाउँ - चीखु सडक फराकिलो तथा सुधार, वडा नं. ९ | २७५७०९६.१४ | १९३००००.०० | ६५८०००.०० | |
| | तामाङ्ग गाउँ स्थित जगदेउ डाँडामा खानेपानी ट्याङ्की निर्माण, वडा नं. ४ | २४३९६९०.८६ | २१४२५६२.७२ | २१४२५६२.७२ | |
| ५० | **साझेदारी लागत सहभागितामा योजना सञ्चालन** | | | | |
| | अधिकारी टोल - आँगेटार - झुलपोखरी सडक स्तरोन्नती | ८६४३२७.०१ | ४३२०००.०० | ४३२०००.०० | |
| क. | **वातावरण तथा जलाधार संरक्षण** | | | | |
| १ | खासीबजार स्थित ३ वटा पोखरी तथा नपा क्षेत्रभित्रका अन्य पोखरीहरुको मर्मत सुधार तथा सुन्दरीकरण कार्यक्रम | | | | |
| | भिं पुखु पूनर्निर्माण | ८७०९९५६.६८ | ६९६८०००.०० | २३२४०००.०० | |
| **विगत बर्षका योजनाहरु** | | | | | |
| | नेपाल भारत मैत्री महिला (कन्या) छात्रावास निर्माण | | २९००००० | २९००००० | |
| **समपुरक अल्या योजनाहरु** | | | | | |
| | अमृतनगर - मैत्रीनगर - नेपाल भाषा एकेडेमी सडक स्तरोन्नती | २८८६८३४३.२५ | १६५४८३४३.५२ | ५५८७४२१.०४ | |
| **आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश विशेष अनुदान** | | | | | |
| १ | वडा नं. ४ तामाङ्ग गाउँ, बस्नेत गाउँमा खानेपानी व्यवस्थापन | ५०६९६२१ | ४५६२००० | ३०६२००० | |

| | | |
|---|---|---|
| कुल जम्मा | २८६९४०९७.८९ | |

## आ.व.२०७७/०७८ को नगरस्तरीय अल्या योजनाहरु

| सि.नं. | योजनाको नाम | न.पा.ले व्यहोर्ने | भुक्तानी दिन बाँकी रकम (मु.अ.क. सहित, कन्टेन्जेन्सी र विपद व्यवस्थापन सहित) | कैफियत |
|---|---|---|---|---|
| आर्थिक विकास क्षेत्र (अ) | | | | |
| ग) | **पर्यटन विकास** | | | |
| १० | मन्जुश्री पार्क व्यवस्थापन | ९५८५०० | ६८०८४२.७८ | |
| ११ | पुष्पलाल पार्क व्यवस्थापन | ९३१९०० | ६९२९९७.०४ | |
| ख) | **लैंगिक समानता तथा सामाजिक समावेशीकरण** | | | |
| ४ | जेष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना | | | |
| ४.१ | ज्ञानमाला ज्येष्ठ नागरिक भवन निर्माण | ९४४००० | ६८९००० | |
| ङ) | **स्वास्थ्य सम्वन्धी अन्य योजना कार्यक्रम** | | | |
| ७ | कीर्तिपुर आँखा अस्पतालसँगको सहकार्यमा विभिन्न कार्यक्रम | | | |
| ७.१ | कीर्तिपुर आँखा अस्पतालमा आल्मुनियम पार्टेशन | २४६११४.४२ | ४६११४.४२ | |
| च) | **खेलकूद विकास कार्यक्रम** | | | |
| १ | नगर क्षेत्रका विभिन्न स्थानमा खेल मैदान निर्माण | | | |
| १.१ | जनसेवा मा.बि.को ब्याडमिन्टन कोर्टमा जस्ता पाता बार्ने | ८१०००० | ६२१८६५ | |
| ६ | वडा नं. ४ मा पुष्पलाल खेल मैदान निर्माण | ११२६५०० | ८२४२८४.२९ | वडा कार्यालयबाट २ लाख व्यहोर्ने |
| ७ | कीर्तिपुर खेलकुद मैदान निर्माण वडा नं. १० | | | |
| ७.१ | कीर्तिपुर खेलकुद मैदान निर्माण | ७३७०००० | ५६९८५६३.६३ | |
| छ) | **फोहोरमैला व्यवस्थापन तथा सरसफाई कार्यक्रम** | | | |
| १ | कीर्तिपुर नगर वृहत्त खानेपानी योजना | | | |
| १.१ | खानेपानी मुहान संरक्षण तथा खानेपानी ट्यांकी पुनः निर्माण | ५७४४००.०० | ४४०९०५.४ | |
| २ | नौमुले-गुथ-चोभार खानेपानी योजना | २७४६०३७.८६ | २८५१०३७.८६ | |
| ज) | **सम्पदा संस्कृति संरक्षण तथा प्रवर्द्धन** | | | |
| २ | बाहाः, बही, चोक, ननी, धार्मिक, पुरातात्विक, ऐतिहासिक मठ मन्दिर तथा अन्य सम्पदाहरुको संरक्षण कार्यक्रम | | | |
| २.१ | लाभा पोखरीको माटो फाल्ने कार्य | २६९००० | २६९००० | |
| ३ | कीर्तिपुर पुनर्जागरण कार्यक्रम | | | |
| ३.१ | लाखे ल्ह्वों संरक्षण | ५७६७०० | ४०६८८४.६७ | |
| ३.२ | टकर्चा पाटी निर्माण | १३८४५०० | १०४३९३८.२५ | |
| ३.३ | रातो मछिन्द्रनाथको ससुराली मन्दिर पुनः निर्माण | ४८३४०० | ३४१९०० | |
| ३.४ | नगाउँ चिहान संरक्षण तथा सुधार | ३२०००० | २२०००० | |

| | | | | |
|---|---|---|---|---|
| ७ | बालकुमारी मन्दिर पुननिर्माण | ८४८५०० | ७१९९८३.६ | |
| ८ | गोपाली पाटी निर्माण | ७७२००० | २९२००० | |
| ९ | बाहिरी गाउँ पाटी निर्माण | १४४७५०० | १०२३००० | |
| १० | इन्द्रायणी पाटी निर्माण | २४१२५०० | १७०४००० | वडा नं. २ बाट १० लाख व्यहोर्ने |
| ११ | चोभार पाटी निर्माण | १४४७५०० | १०२३००० | |
| १२ | देवपोखरी पाटी निर्माण | १२५४००० | ८८१५०० | |
| १३ | लनगोल पाटी निर्माण | १३८३००० | १०४३५८२.१ | |
| १४ | गाम्चा पाटी तथा मन्दिर निर्माण | १३९५००० | १०३४८२४.४ | |
| **पूर्वाधार विकास क्षेत्र (इ)** | | | | |
| क) | पूर्वाधार विकास क्षेत्र | | | |
| १ | समपुरक कोष | | | |
| २ | कीर्तिपुर रिङ्गरोड त्याँङ्गला सीता पम्प सडक विस्तार तथा स्तरउन्नती | १२१८८८०१.५० | ८३५३७६०.९८ | |
| २.१ | कीर्तिपुर चक्रपथ सडक खण्डमा कालोपत्र गर्नका लागि वेस लगायत अन्य सडक सुधार कार्य | ३०७४०००.०० | २२६५२९३.५४ | |
| २.२ | छुगाउँ - टौदह सडक (दोश्रो चरण) | ४६४६८००.०० | ९७४०८५.३३ | |
| ४ | छुगाउँ - भत्केपाटी हुदै पुष्पलाल पार्क सडक सुधार कार्यक्रम,<br>वडा नं. ९, ५ र ४ (पुष्पलाल मार्ग हेल्थपोष्ट खण्ड ३० लाख समेत) | १०२८९७२१.६८ | १२६१२४३.०८ | |
| ४.१ | नगाउँ दोबाटो - छुगाउँ - नगाउँ (साँल) सडक निर्माण | ११७३५००.०० | ४५०८४४.०२ | |
| ५ | फेखानगर - गाम्चा सडकमा निर्माण सुधार, वडा नं. ४ | १८६७००० | १३७७५९८.१५ | |
| ६ | **यँचो - भाजंगल सडक सुधार, वडा नं. ५ र ७** | | | |
| ६.१ | यँचो - भाजंगल सडक सुधार | १८५४९१५.०६ | १९२४९१५.०६ | |
| ६.२ | पलः पुखुमा रिटेनिङ्ग वाल निर्माण | ८५०००० | ६३१६९० | |
| ६.३ | नगाउँ दोवटोदेखि साँलका तफालँ बाटो सुधार | ११९६००० | ८३९८६८.२१ | |
| ७ | चोभार - भाजंगल बसुन्धारा सडक विस्तार, वडा नं. ७ | ३५६२६०० | २५८८२२६.४९ | |
| ११ | हिमाल सिमेन्टदेखि चारघरे जाने सडक | ९३९६०० | ६८६९७५.१४ | |
| १२ | पाण्डेछाप-नौमुले-लनगोल सडक | ९२८५०० | ३८७९७९.३८ | |
| १४ | ढ्वाङ्ग बाटो विस्तार | ९३२५०० | ६९२७५७.७३ | |
| १६ | गोदाम - साउने मूल बाटो स्तरोन्नति | ६४६००० | ४८६६६९.६७ | |
| १८ | बाग्मती करिडोर सडक सुधार, वडा नं. ६ | ८९५८०० | ७०३९०६.३५ | |
| १९ | चारधारा - चारघरे सडक विस्तार तथा सुधार, वडा नं. ५ र ६ | १८५८९०० | १३८६९७६.१५ | |
| २३ | विष्णुदेवी अस्पताल - लोकतान्त्रिक चोक सडक खण्ड लगायत कीर्तिपुर चक्रपथमा ईको व्लक छपाई तथा फुटपाथ निर्माण | | | |
| २३.१ | समल ढोका बाहिरको ट्याङ्कीदेखि देवढोकासम्मको सडकको साईडमा इको ब्लक छपाई तथा फुटपाथ निर्माण | १२१३००० | ८९८८१६.०६ | |

| | | | | |
|---|---|---|---|---|
| २३.२ | बाघभैरब मन्दिर पछाडीको सिंढी मर्मत तथा साईड ड्रेन निर्माण | १९७४००० | १४३८३७६.७१ | |
| २४ | साइराम चोक-चम्पादेवी हुदै सिम झवाहिटी सडक विस्तार सुधार, वडा नं. ४ | ४६९२८०० | ३४५१९१२.८८ | |
| २६ | चारघरे-पाण्डे छाप सडक सुधार, वडा नं. ६ | १८२०००० | ७९९७७३.२४ | |
| | श्रृजना मार्गको पर्खाल मर्मत | १०००००.०० | ६७००० | |
| ३० | नगाउँ - चीखु सडक फराकिलो तथा सुधार, वडा नं. ९ | १८३७००० | १३९३४९९.१५ | |
| ३१ | नगर क्षेत्रको ढल निकास निर्माण सुधार कार्यक्रम | | | |
| | पाँगा बृहत ढल निकास | १७५७८०० | १४१९९११.११ | सि.नं. १३ को पाँगा बृहत ढल निकासबाट रु १० लाख व्यहोर्ने |
| ३२ | साझेदारी लागत सहभागितामा योजना सञ्चालन | | | |
| ३२.१ | ढ्वाङलँबाट समचा जोड्ने बाटोमा ढल निकास निर्माण | ६०९५०० | ३६१०१८.८८ | |
| ३२.२ | अजिमा पार्कदेखि उत्तर तर्फ राजकुलोसम्म जोड्ने सडक ढलान | ६७९७०० | ३६६८९८.७६ | |
| ३२.३ | त्रिवेणी सडक खण्डबाट उत्तरतर्फको गोरेटो बाटो स्तरोन्नती | २९५५०० | १००५०० | |
| ३२.४ | शहीद स्मारक कलेजको शौचालय निर्माण तथा ई-लाईब्रेरी स्थापनार्थ सामाग्री खरिद | ९८३००० | ३६७८१०.६६ | |
| ३२.५ | सम्लाङ्गकोट चोकबाट मिलन चोकसम्मको बाटो ढलान | १२४१००० | ६७२८९६.९१ | |
| ३२.६ | गःसी टोलदेखि नमूना टोसम्मको बाटो ढलान | ५६२००० | ५९९४६१.८ | |
| ३२.७ | मैत्रीनगर स्थित स्वर्गद्वारी टोलको पहिलो गल्लीको बाटोमा ब्लक छपाई | १३२००० | १३२००० | |
| ३२.८ | चारधारा - वरचा ढल निकास निर्माण | १८०००० | १९१२५६.७१ | |
| ३३ | सडक सुधार कार्यक्रम सडक वर्ष (खाल्डा खुल्डी पुर्ने र सडकपेटी सुधार) | | | |
| ४ | चोगलमा रिटेनिङ्ग वाल निर्माण | ३८१००० | २७५०५५.९३ | |
| ३४ | युद्ध स्मारक पार्क निर्माण | ६०३९९०० | ४२८१७८५.९२ | |
| ३४.१ | युद्ध स्मारक पार्क संरक्षण | ३२७७०० | २१९७०० | |
| ३४.२ | कीर्तिपुर गेट- भाजंगल सडक सुधार | १६९४७०० | १२४०९५६.७६ | कीर्तिपुर गेट-भाजंगल सडक सुधार र टाउन प्लानिङ्ग सडकको ठेक्का वचत रकमबाट |
| ३६ | भिंनिधाः तं बाटो सुधार | १३३४००० | ९६१५१५ | |
| ३८ | रानीवन पँधेरो देखि विचगाउँ जाने बाटो कालोपत्रे कीनपा-४ | ६८०३८१ | ७१५३८०.८ | |
| ४१ | शसस्त्र प्रहरी चेक पोईन्ट आदीनाथ जाने बाटो | ४८७८००० | ३८८२६९५.७ | |
| ४२ | नेपाल भाषा एकेडेमी बल्खु करिडोर बाटो सुधार | २३५९६०० | १७२१९६६.९४ | |
| ४४ | सीम सडक सुधार/जाखा जनसेवा मा.बि. सडक | | | |
| ४४.१ | जनसेवा मा.बि.बाट जाखा दोवाटोसम्म जाने बाटो सतरोन्नती | ४६९००० | ३४४८००.४७ | |

| | | | | |
|---|---|---|---|---|
| ४५ | सिकुछें सडक सुधार | | | |
| ४५.१ | भत्केपाटी - बालकुमारी मा.बि. बाटोमा ढल निर्माण | ७३५००० | ५१८७३०.१२ | |
| ख) | **सडक बोर्ड नेपाल अन्तर्गतका कार्यक्रम** | | | |
| १ | अमृतनगर देखि चक्रपथ जोड्ने सडक सुधार | १५३७६६६.१५ | १५८६४३४.२ | |
| २ | विश्वराष्ट्र स्कुलदेखि सल्यानस्थान सडक सुधार | १५२६३४०.७२ | १५७५११४.४७ | |
| ३ | पाँगा दोबाटोदेखि पाँगा ढोकासी सम्म सडक सुधार | ११६२९३१.०३ | ११९९५१५.३७ | |
| ४ | पाँगा दोबाटोदेखि भाजंगल सडक सुधार | १५६१८८६.०० | १६१०६६०.५२ | |
| ५ | भाजंगल चोक गरुडस्थान सडक सुधार | १७९६७४७.४६ | १८५७७११.८ | |
| ग) | **भवन तथा शहरी विकास** | | | |
| १ | निर्माणाधिन न.पा. कार्यालय भवन निर्माणको बाँकी कार्य(बहुवर्षीय) | | | |
| १.१ | निर्माणाधिन नगरपालिका कार्यालय भवनको सेमिनार हल र बैठक कक्ष निर्माण | ९३७७४०६.१३ | ८०७६८८६.४४ | सम्झौता सम्पन्न |
| २ | वडा कार्यालय पुनस्थापना योजना | | | |
| २.१ | १० नं. वडा कार्यालय भवन निर्माण | ५९७०७४४.६८ | ६२७१०८५.१७ | |
| २.२ | ६ नं. वडा कार्यालय भवन परिसरको कम्पाउण्ड लगायत बाँकी पूर्वाधार निर्माण | २४५०७८७.२७९ | २५९०७८७.२७९ | |
| ३ | कीर्तिपुर नगरपालिका जग्गा एकीकरण कार्यक्रम, वडा ३ , ४ र ९ | | | |
| ३.१ | फेय्खानगरदेखि गाम्चा र कार:धसम्मको बाटो फराकिलो गरी रिटेनिङ्ग वाल निर्माण | ५८९२००० | ४३०२०५७.१३ | |
| ३.२ | सल्यानस्थान स्थित बोरिङ्गदेखि प्रगति हाईट जाने सिधाँ बाटो स्तरोन्नती | ६३४२००० | ४७१५८५०.३४ | |
| **वन,वातावरण तथा विपद व्यवस्थापन र पुन:निर्माण (ई)** | | | | |
| क) | वातावरण तथा जलाधार संरक्षण | | | |
| १ | खासीबजार स्थित ३ वटा पोखरी तथा नपा क्षेत्रभित्रका अन्य पोखरी निर्माण तथा सम्पन्न | | | |
| १.१ | लाभा पोखरीमा पाइप लाईन विस्तार तथा वत्ती व्यवस्थापन | १०१५००० | ७६४७९२.९५ | |
| १.२ | भिँ पुखु निर्माण | ६९२२००० | ५१२४६५९.३३ | |
| ३ | बृक्षारोपण कार्यक्रम (नगरका विभिन्न स्थान) | | | |
| ३.१ | फोहरमैला व्यवस्थापन तथा प्रशोधन केन्द्रको पश्चिम तर्फ दुबो तथा बृक्षारोपण | १८०००० | १८०००० | |
| ५ | वडा नं. ६ आँखा पोखरी निर्माण | २३६८००० | ९३७५४२.३४ | |
| ७ | फोहरबाट जैविक मल उत्पादन | | | |
| ७.१ | कीर्तिपुर फोहरमैला प्रशोधन केन्द्र जाने बाटो ढलान | १३७२००० | ९७२५०० | |
| ८ | बल्खु खोला दिखु क्षेत्रमा ड्याम बनाई जलक्रिडा स्थल निर्माण | | | |

| | | | | |
|---|---|---|---|---|
| ८.१ | बल्खु खोला दिखु क्षेत्रमा ड्याम बनाई जलक्रिडा स्थल निर्माण/चिहान निर्माण तथा बल्खुखोला संरक्षण | १८८४००० | १३७८६७८.०५ | नपुग रकम जल उत्पन्न प्रकोप नियन्त्रणको सि.नं. १ बाट व्यहोर्ने |
| ९ | हरित सडक तथा खाद्य सडक | | | |
| १० | सौर्य हरित उर्जा कार्यक्रम | ६७९९१४९.४५ | ६७९९१४९.४५ | |
| १२ | ज्वालादेवी चौर सार्वजनिक भू - संरक्षण, वडा नं. ४ | | | |
| १२.१ | साउनेमूलबाट खर्क चौर जाने बाटो ढलान | ४९२००० | ५४०४७९.०६ | |
| **ख)** | **जल उत्पन्न प्रकोप नियन्त्रण** | | | |
| १ | बल्खु खोला संरक्षण कार्यक्रम | | | |
| २ | बोसन खोला संरक्षण कार्यक्रम | ९२८७०० | ६९३९७७.१४ | |
| ३ | सिम्ले खोला संरक्षण कार्यक्रम | ९३०००० | ६९३७५८.५ | |
| संस्थागत विकास तथा सेवा प्रवाह क्षेत्र (उ) | | | | |
| **क)** | **संस्थागत विकास तथा सेवा प्रवाह क्षेत्र** | | | |
| २ | GIS मा आधारित घर नम्वरिङ्ग कार्यक्रम | | | |
| २.१ | Preparation, Design and Installation of Metal Plate for House Numbering Inside Kirtipur Ring Road | ११६०१९१.६६ | १२३०१९१.६६ | |
| | | **१७५२५१८२१.९** | **१२७०८७५६४.४३** | |
| भुक्तानी दिन बाँकी अल्या योजनाहरु | | | | |
| १ | Oxygen plant खरिद | | ९७०००००.०० | |
| २ | पुष्पलाल पार्कदेखि चम्पादेवी मन्दिरसम्म मोटरबाटो निर्माण | | ५००००००.०० | |
| ३ | परम्परागत घर निर्माण अनुदान | | १६०००००.०० | |
| ४ | Procurement and Installation of CCTV, Wireless AP and Other related Equipments | | ६००००००.०० | |
| ५ | Supply of Paper Cup Machine | | १५०००००.०० | |
| ६ | कीर्तिपुर नगरपालिका वृतचित्र निर्माण | | ५०००००.०० | |
| ७ | वडा कार्यलयहरुमा जडान भएका धाराहरुको खानेपानी महशुल | | ५०००००.०० | |
| ८ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान | | १८०८०००.०० | |
| ९ | हार्मोनियम बाजा खरिद | | ५०००००.०० | |
| १० | विविध छुटफुट | | १००००००.०० | |
| | जम्मा | | २८१०८०००.०० | |
| | अल्या कुल जम्मा नगरस्तरीय | | १५५१९५५६४.४३ | |
| | गत विगत वर्षका अल्या योजनाहरु | | २८६९४०९७.८९ | |
| | वडागत अल्या योजना हरु | | ३९५८६७४३.९७ | |
| | कुल अल्या योजनाहरु | | २२३४७६४०६.२९ | |
| | | | २२३४७६.४१ | रु. हजारमा |
| | कुल अल्या हजारमा | | २२३४७७.०० | |

निर्णय नं.२७

चालु आ.व. ०७७/०७८ को योजना तथा कार्यक्रमहरुको भुक्तानी पश्चात आगामी आ.व. मा अ.ल्या हुने गरी अनुमान गरिएको रकमभन्दा बढी रकम अ.ल्या.हुन गएमा सो रकमलाई समपुरक कोषमा विनियोजन गर्ने गरी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.२८

यस नगरपालिकाद्वारा राजपत्रमा प्रकाशित " **कीर्तिपुर नगरपालिकामा कार्यरत कर्मचारीहरुको समायोजन सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७** " मा केहि संशोधन गर्नुपर्ने भनि विधेयक समितिबाट समितिको निर्णयानुसार सिफारिस भई आएको हुदाँ तपशील बमोजिमको तीन महले सहितको संशोधन उपर छलफल गरी **"कीर्तिपुर नगरपालिकामा कार्यरत कर्मचारीहरुको समायोजन सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७" संशोधन सहित** पारित गर्नका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

तपशीलः

| हाल भएको व्यवस्था | संशोधन भएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| समायोजन ऐनमा श्रेणी विहिन कर्मचारीहरुको हकमा समावेश नभएको । | दफा ३ मा उपदफा (८) थप गर्नुपर्ने<br><br>श्रेणी बिहिन कर्मचारीहरुको हकमा हाल कार्यरत पद र तहमा ५ बर्ष सेवा अवधी पुरा भई तोकिएको पदको अन्तिम तहमा स्तरबृद्दि नभएको हकमा एक तह बृद्दि गर्ने र पाँच बर्ष सेवा अवधि पुरा नभएकाको हकमा २ ग्रेड थप गर्ने तर यसरी थप गरिएको ग्रेड अन्तिम ग्रेड भन्दा बढी भएको अवस्था भए पनि थप गर्न बाधा पर्ने छैन । | श्रेणी विहिन कर्मचारीहरुको हकमा सम्बोधन नभएको हुनाले संशोधन हुन जरुरी देखिएको । |

निर्णय नं.२८

स्थानीयसरकार संचालन ऐन, २०७४ को दफा ६८, प्राकृतिक स्रोत तथा वित्त व्यवस्थापन ऐन २०७४ को दफा १४ तथा स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ को दफा ८.१ मा भएको व्यवस्थानुसार स्थानीय तहले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा उत्पादनशील, रोजगारमूलक, आन्तरिक आय वृद्धि र  पूँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने प्रावधान भएकाले तोकिएको क्षेत्र, अवधी र सीमाभित्र रही आन्तरिक ऋण लिने प्रकृया अगाडि बढाउनका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.२९

सभाबाट स्वीकृत बजेट, योजना तथा कार्यक्रम संचालनका लागि आवश्यक पर्ने खर्चको मापदण्ड तथा नर्म्स स्वीकृतका नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.३०

नगरपालिकाबाट तोकिएबमोजिम स्थापना भएका र पछि स्थापना हुने कोषहरुलाई व्यवस्थित र प्रभावकारी रुपमा संचालन गर्न तथा आवश्यकता अनुसार कार्यविधि तथा मापदण्ड समेत बनाई ती कोषबाट आम्दानी समेत हुने गरी कोषहरुको व्यवस्थापन तथा संचालनका लागि आवश्यक निर्णयका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.३१

यस नगरपालिका क्षेत्रमा संचाचिलत  विभिन्न गैरनाफामूलक र सेवामूलक संस्था ( अस्पताल, सामुदायिक/ गुठी विद्यालय, शैक्षिक संस्था आदि) को सम्पत्ती कर मिनाह गर्ने विषयमा सम्बन्धित संस्थाबाट आधार र प्रमाण सहित अनुरोध भई आएमा आवश्यकता र औचित्यताका आधारमा आंशिक वा पूर्ण रुपमा सम्पत्ति कर मिनाह गर्ने विषयमा आवश्यक निर्णय हुन नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.३२

यस नगरक्षेत्र बसोबास गर्ने व्यक्तिहरुको २०७२ सालको भूकम्प भन्दा पहिला घर/संरचना भत्किई घरपाताल भएको तर सम्बन्धित वडाबाट सर्जिमिन मुचुल्कासहित घरपातालको सिफारिस भएर आइनसकेको अवस्थामा सम्पत्ति कर तिर्ने प्रयोजनका लागि सम्बन्धित वडाले सर्जमिन मुचुल्का सहित सिफारिस गरेको आधारमा सर्जमिन मुचुल्का र सिफारिसमा उल्लेखित घरपाताल भएको मितिलाई आधार मानी सम्पत्ति कर अशूल गर्ने सम्बन्धमा आवश्यक निर्णय हुन नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.३३

कि.न.पा. वडा न. १ सिट न. ११८२-०२ कि.न. १३२ क्षेत्रफल २५९.२० व.मी. मा रहेको वसुन्धरा मानन्धरको जग्गामा निर्माण भएको संरचना मा रोपवेको तार घर माथिबाट परेकोले उक्त घरको स्थाई ईजाजत पत्र रोकिएको सम्बन्धमा,कार्यपालिका बैठकले रोपवेबाट न्युनतम दुरि ५ फी. कायम गरि घर संरचना निर्माण गर्न दिने भनि मिति २०७७ कार्तिक २६ गतेको ८३ औं कार्यपालिका बैठकमा निर्णय गरिसकेकोले उक्त घरलाई नियमित/अभिलेखिकरण गर्ने गरि प्रकृया अघि बढाउने निर्णय गरियो ।